# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ १६ गते २०१२ साल

## भाग २

## अर्थ (आय) विभागको सूचना

पत्रसंख्या ११। गृ. वि. ११४।६२६५ मिति ०१२।२।६।२

(फिल्मको भन्सार महसूलमा संशोधन)

फिल्ममा लागी आएको भंसार महसूल मनोरञ्जन कर आदि घटाइयोस् भनी सिनेमाका प्रतिनिधिहरूले भू. पू. प्रधानमन्त्रीका समक्ष छलफल गर्नुहुँदा आम्दानी खर्चको समेत हिसाब हेरी निर्णयार्थ पेश गर्ने भन्ने भएअनुसार आम्दानी खर्चको विवरण खोली भएको बेहोरा जाहेर हुँदा फिल्मको दैनिक भन्सार ५०। रुपैयाँ लागेकामा अबउप्रान्तलाई दिनको ४५। पैंतालीस रुपैयाँका दरले महसूल लिने गरिदिनू अरू कुरा साबिकैबमोजिम नै गर्नू भन्ने ४।२।०१२ मा निर्णय भएकोले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सबैलाई थाहा होस्, मन्त्रमिमित यो सूचना प्रकाश गरिएको छ। साबिकमा दैनिक महसूल ५०। पचास रुपैयाँ लिएको हो तापनि फिल्मको दर सिनेमा फिल्महरूमा ।८ पैसा प्रतिफुट भंसार महसूलको दरबन्दी भएको र दश हजार अथवा सोभन्दा बढी फिल्म लम्बाई भएको सबै फिल्ममा दश हजार फिटसम्मको मात्र महसूल लिने भन्ने भएबाट दिनको ५०। रुपैयाँ लिएको हो। अब दिनको ४५। रुपैयाँ महसूल लिने निर्णय भएबाट दश हजारको बदला नौ हजार गरे हुने हुँदा फिल्मको भन्सार महसूल र मनोरञ्जन करको रेटबारे २००६ साल चैत्र २४ गतेको खण्ड २ संख्या ३२ को गजेटमा प्रकाशित अर्थ (आय) विभागको सूचनाको दफा १ (घ) मा यस प्रकार संशोधन गरिएको छ:— १. (घ) नौ हजार अथवा सोभन्दा बढी फिट लम्बाई भएको सबै फिल्ममा नौ हजार फिट-सम्मको मात्र महसूल लिने। सिनेमा हलवालाहरूसँग साबिकमा लिनुपर्ने भन्सार महसूलमा काठमाडौं उपत्यकाका हलहरूसँग सयकडा पचास मात्र असूल भई बाँकी पछि निर्णय भएबमोजिम गर्ने गरी बाँकी रहन गएको र मोफसलका हलवालाहरूको लगतसम्म रही पूरै महसूल बाँकी रहन गएकोमा पनि अबउप्रान्त सम्बन्धित अड्डाखानाले जो जो सँग जो जति बाँकी छ, सो सबै ऐन सवालबमोजिम असूल उपर गरी लिनुहोला।

आज्ञाले—

नीरराज

का. मु. सेक्रेटरी—अर्थविभाग.

## अर्थ (आय) विभागको सूचना

सुना चाँदी, ज्वाहारात, जडान भएको माल निकाशी गर्नेबारे ०१०।१।२१ मा प्रकाशित भएको नियमको ४ दफामा देहायबमोजिम थप गर्ने निर्णय भै माथ-कोले स्वचित गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।